राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २७ २०८३ साउन ३० गते शनिवार (15 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## उजुरीकै भरमा दोषी नठहराउन गृहमन्त्रीको आग्रह



दैनिक समाचारदाता

काठमाडौं, २९ साउन । प्रहरीको पोसाक तथा अन्य सामग्री खरिदसम्बन्धी विषयमा परेको उजुरीलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले नेपाल प्रहरी प्रमुखलगायतमाथि प्रश्न उठाउँदै आएका छन्।

गत बुधबार सार्वजनिक लेखा समितिको बैठकमा उक्त विषयमा छलफल भएको थियो। बैठकमा सांसद सुनारले प्रहरीको पोसाक तथा अन्य सामग्री खरिदसम्बन्धी विषयलाई चर्को रूपमा उठाएका थिए।

उक्त बैठकमा गृहमन्त्री सुधन गुरुङ अनुपस्थित थिए। शुक्रबार कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा उपस्थित गृहमन्त्री गुरुङले सार्वजनिक लेखा समितिको बैठकमा गृह मन्त्रालयका अधिकारी तथा प्रहरी प्रमुखप्रति गरिएको व्यवहारप्रति असन्तुष्टि जनाए।

'अस्ति म त्यो समितिमा नभएको हिसाबले आज यो समितिमा एउटा सानो कुरा भन्ने मौका पाएको छु। जसरी मेरो गैरउपस्थितिमा हाम्रा सचिवज्यू, सहसचिवज्यूहरू र प्रहरी प्रमुखप्रति एउटा समितिमा व्यवहार प्रस्तुत गरियो, त्यसमा गृहमन्त्रीको ध्यानाकर्षण भएको छ,' उनले भने, 'दिस इज नट राइट, दिस इज नट गुड।'

गृहमन्त्री गुरुङले उजुरीकै भरमा कसैलाई दोषी करार गर्न नमिल्ने बताए। आरोप लागेकै आधारमा कसैको चरित्र हत्या गर्न नहुने उनको भनाइ थियो।

'कसैलाई एउटा उजुरीको भरमा हामी न्यायाधीश बन्न मिल्दैन। आरोप त जोसुकैले पनि लगाउन सक्छ। त्यसको आधारमा कसैको चरित्र हत्या गर्न पाइँदैन,' सांसद सुनारलक्षित गर्दै उनले भने, 'इट इज नट गुड ।

हाम्रो गृह मन्त्रालयको पनि यसमा ध्यानाकर्षण भएको छ। वि आर नट ह्याप्पी अबाउट इट।' उनले गृह प्रशासनअन्तर्गतका कर्मचारी तथा सुरक्षा निकायका प्रमुखहरूले सरकारको भावना र प्राथमिकताअनुसार काम गरिरहेको बताए।

'हाम्रा कर्मचारीहरूले जसरी काम गर्नुभएको छ, मिहिनेत गर्नुभएको छ, म प्रत्यक्षदर्शी छु। आईजी साबहरू जसरी काम गरिरहनुभएको छ, त्यसको पनि म प्रत्यक्षदर्शी छु,' उनले भने, 'उहाँहरू विशेषगरी यो सरकारको स्पिरिटअनुसार काम गर्न दिनरात खटिरहनुभएको छ। यसमा दुई मत छैन।'

गृहमन्त्री गुरुङले आरोप लगाउन सबैलाई अधिकार भए पनि आरोप पुष्टि नभएसम्म कसैलाई दोषी करार गरेर संसदीय समितिमार्फत सार्वजनिक रूपमा व्यवहार गर्नु उचित नहुने बताए।

## मुक्त हरवाचरवा मञ्चद्वारा सरकारलाई १० दिने अल्टिमेटम

दैनिक समाचारदाता

जनकपुरधाम, २८ साउन । मुक्त हरवाचरवा अधिकार मञ्चले मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग समन्वय गरी हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न प्रदेश सरकारसँग माग गरेको छ। भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापनाका लागि स्पष्ट कार्ययोजना स्वीकृत गरेर कार्यान्वयन गर्नुपर्ने मागसमेत मञ्चले अघि सारेको छ।

मधेश प्रदेशका आठ जिल्लाका अध्यक्षहरूले हस्ताक्षर गरेको ध्यानाकर्षणपत्र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेललाई बुझाउँदै मञ्चले १० दिनभित्र माग सम्बोधन नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिएको हो।

ध्यानाकर्षणपत्रमा भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, जीविकोपार्जन तथा आर्थिक पुनःस्थापनासम्बन्धी कार्यक्रम तत्काल कार्यान्वयन गर्न माग गरिएको छ।




तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते हरवाचरवा प्रथा अन्त्य भएको घोषणा गरेको चार वर्ष पुगिसक्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको मञ्चको भनाइ छ। घोषणा र सरकारी प्रतिबद्धता व्यवहारमा कार्यान्वयन नहुँदा समुदाय अझै भूमिहीनता, गरिबी र सामाजिक असुरक्षाको अवस्थामा रहेको उसले जनाएको छ। मञ्चका अनुसार मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायका माग समेट्ने प्रतिबद्धता जनाए पनि त्यसअनुसार ठोस कार्ययोजना, बजेट र कार्यान्वयन प्रक्रिया अघि बढेको छैन।

मञ्चले प्रदेश सरकारसँग १० दिनभित्र मागबारे ठोस निर्णय गर्न, आवश्यक बजेट विनियोजन गर्न र कार्यान्वयनको स्पष्ट समयसीमा सार्वजनिक गर्न आग्रह गरेको छ। मागप्रति बेवास्ता गरिए मधेश प्रदेशका विभिन्न जिल्लामा चरणबद्ध आन्दोलन सञ्चालन गर्ने चेतावनी दिइएको छ।

आन्दोलन शान्तिपूर्ण, लोकतान्त्रिक र संविधानसम्मत हुने स्पष्ट पार्दै मञ्चले मुक्त हरवाचरवा समुदायको लामो संघर्ष, संवैधानिक अधिकार र प्रदेश सरकारको प्रतिबद्धतालाई सम्मान गर्दै तत्काल ठोस पहल गर्न आग्रह गरेको छ।

ध्यानाकर्षणपत्रमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका मुक्त हरवाचरवा अधिकार मञ्चका जिल्ला अध्यक्षहरूले हस्ताक्षर गरेका छन्। ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री पटेलले हरवाचरवा समुदायका मागप्रति आफू सजग रहेको बताउँदै तोकिएको समयभित्र मुख्यमन्त्रीसँग समन्वय गरेर माग सम्बोधनका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

## ४३ वर्षपछि साधुको भेषमा पक्राउ

दैनिक समाचारदाता

लहान, २९ साउन । ज्यानसम्बन्धी मुद्दामा ४३ वर्षदेखि फरार रहेका सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-५, खरुक्याहीका ८० वर्षीय ठकाइ यादव पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार साधुको भेषमा खरुक्याहीस्थित शिव मन्दिरमा बसिरहेका यादवलाई बिहीबार पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालय लक्ष्मीपुर पतारीबाट प्रहरी निरीक्षक विशाल मल्लको नेतृत्वमा खटिएको टोलीले उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

पक्राउ परेका यादवलाई जिल्ला अदालतमा उपस्थित गराइसकिएको छ।


प्रहरी अभिलेखअनुसार २०४१ साल वैशाख १ गते स्थानीय मन्दिरमा बोका चढाउने विषयमा भएको विवादका क्रममा साविक खरुक्याही गाउँ विकास समिति-४ का राजेन्द्र यादवमाथि समूहगत कुटपिट भएको थियो। घटनामा गम्भीर घाइते भएका राजेन्द्र यादवको मृत्यु भएको थियो। उक्त घटनाको योजनामा ठकाइ यादवको संलग्नता रहेको प्रहरीको भनाइ छ।

जिल्ला अदालतले २०४६ साल पुस २५ गते ठकाइ यादवलाई दोषी ठहर गर्दै एक वर्ष कैद सजाय सुनाएको थियो। त्यसयता उनी फरार रहँदै विभिन्न स्थानमा साधुको भेषमा लुकीछिपी बस्दै आएका थिए। अदालतबाट सजाय तोकिएका फरार अभियुक्तहरूको खोजी गर्ने क्रममा यादवलाई पक्राउ गरिएको सूचना अधिकारी पालले जानकारी दिए।




अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



# ‘मास्टर्नी’लाई एडल्ट सर्टिफिकेट

काठमाडौं । अभिनेत्री प्रियंका कार्कीको आगामी फिल्म ‘मास्टर्नी’ विभिन्न कारणले चर्चामा रहेको छ। प्रवर्द्धन गीतदेखि लिएर आधिकारिक गीतको विवादसम्म चर्चामा आएको फिल्म अहिले भने १६ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न नपाउने भएपछि पुनः चर्चामा आएको छ।

सुरुमा दुर्गेश थापाले कम्पोज गरेको प्रवर्द्धन गीतले फिल्मलाई चर्चा र विवादमा ल्याएको थियो। त्यसपछि सार्वजनिक भएको फिल्मको आधिकारिक गीत ‘गुराँस फुल्दा’लाई लिएर अभिनेत्री सुस्मिता केसीले असन्तुष्टि जनाएकी थिइन्। उनले उक्त गीत आफ्नो मौलिक गीतभन्दा उत्कृष्ट नरहेको भन्दै सामाजिक सञ्जाल फेसबुकमा प्रतिक्रिया जनाएकी थिइन्।

यतिबेला केन्द्रीय चलचित्र जाँच समितिले ‘मास्टर्नी’लाई एडल्ट सर्टिफिकेट दिएको छ। समितिको निर्णयअनुसार १६ वर्षभन्दा कम उमेरका दर्शकले फिल्म हेर्न पाउने छैनन्।

शुभेन्दु घोष निर्देशित फिल्ममा प्रियंका कार्कीसहित आर्यन सिग्देल, अनुपविक्रम शाही, प्रमोद अग्रहरि, ऋचा शर्मा, गौरी मल्ल र सरोज खनाललगायत कलाकारको अभिनय रहेको छ।

# ‘हिमालय रोडिज’मा माल्भिका ग्याङ लिडर



काठमाडौं । टेलिभिजनको एड्भेन्चर रियालिटी शो ‘हिमालय रोडिज’को आठौं सिजनमा पूर्वमिस नेपाल माल्भिका सुब्बा ग्याङ लिडरका रूपमा भित्रिएकी छन्। केही दिनअघि शोले उनलाई नयाँ ग्याङ लिडरका रूपमा घोषणा गरेको हो।

निर्देशक सिमोस सुनुवारले नेपाली सञ्चार क्षेत्रमा माल्भिकाको करिब २५ वर्षको अनुभव रहेको उल्लेख गर्दै उनको उपस्थितिले कार्यक्रमलाई थप रोचक बनाउने बताए।

‘मिडियामा उहाँको अनुभव पनि छ। ग्याङ लिडरका लागि यस्तै व्यक्तित्व चाहिन्छ। उहाँ अनुपलाई टक्कर दिन सक्ने मान्छे पनि हो,’ निर्देशक सुनुवारले भने।

माल्भिकासहित अनुपविक्रम शाही र आशिष राना ग्याङ लिडरका रूपमा निश्चित भइसकेका छन्। थप एक जना ग्याङ लिडरको घोषणा हुन बाँकी रहेको जनाइएको छ।

यसपटक दर्शकको मतका आधारमा ग्याङ लिडर छनोट गरिएको बताइएको छ। शोको आठौं सिजनको थिम ‘एटिच्युड भर्सेस अल्टिच्युड’ राखिएको छ।

यस सिजनको छायांकन गण्डकी प्रदेशको पर्वत, म्याग्दी हुँदै हिमालपारिको जिल्ला मुस्ताङमा गरिने निर्देशक सुनुवारले बताए। पर्वतको कुश्मा र म्याग्दीको बेनी हुँदै मुस्ताङसम्म कार्यक्रमको छायांकन हुनेछ।

रेमनदास श्रेष्ठले कार्यक्रम होस्ट गर्नेछन् भने उपाधिका लागि १६ जना प्रतिस्पर्धी मैदानमा उत्रिनेछन्। शो दसैंअघि हिमालय टेलिभिजनबाट प्रसारण गर्ने लक्ष्य राखिएको छ।

यसैबीच निर्देशक सुनुवार ‘शार्क ट्यांक’को दोस्रो सिजनको तयारीमा पनि व्यस्त छन्। उनका अनुसार दुवै कार्यक्रमको छायांकन एकै समयमा हुने भएकाले आफू निकै दबाबमा रहेको बताएका छन्।

‘शार्क ट्यांक’को नयाँ सिजनको छायांकन आगामी महिनादेखि सुरु हुने जनाइएको छ। दोस्रो सिजनमा दर्शकले दुई जना नयाँ अतिथि ‘शार्क’समेत देख्न पाउनेछन्।

# अभियान गीत



अशोक दत्त

सीताके भाषापर जखन खसत तरुआइर
जनकक सारासँ ऊठत आइगक ज्वाइर
वक्सत नइँ दूध  कहियो ओहन कपूतके
विद्वेषक विच्छन जे बोअइत अइछ आइ
छनिक निज स्वार्थ ला बन्हकी राखब माइके
अतमो धिकारत एक दिन ओहन कसाइके
जेकर कोरामे बाजब सिख गाल अखन फूटै छै
ओइ धरतीक सपूत दोसर लोल देत दाइग
सीताके भाषापर .......
जनकक सारासँ .......
रोष अइछ किनकोसँ हुनकापर पीत झारु
अपन पहिचान लेल संस्कृतिक झण्डा गारु
जेकर भाषा संस्कृति मीटल पहिचान हेरा गेलै
भल होइ छै कहियो नइँ माइयक आँचर फाइर
सीताके भाषापर .......
जनकक सारासँ .......
रहू कतौ कोनो ठाम सिखू अनेको भाषा
निजगुत पहिचान जोगाबक राखू अभिलाषा
अपन खानपान भाषा संस्कृतपर गौरव करु
जाइत-पाइतमे बँटने अपनो जारत ओ आइग
सीताके भाषापर .......
जनकक सारासँ ...




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३१४


## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |


### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ३० वर्षपछि देखियो दुर्लभ 'सूर्य-चन्द्र' संगम



यूके र युरोपमा झन्डै ३० वर्षपछि सबैभन्दा दुर्लभ सूर्यग्रहण देखिएको छ। यो खगोलीय परिघटना लाखौं मानिसले हेरेका ठानिएको छ।

यूकेबाट खण्डग्रास अर्थात् आंशिक सूर्यग्रहण मात्र देखियो भने ग्रीनल्यान्ड, आइसल्यान्ड र स्पेनका केही भागमा खग्रास अर्थात् पूर्ण सूर्यग्रहणका कारण चारैतिर अँध्यारो छायो।

यूके र युरोपका विभिन्न अवलोकनस्थलमा ठूलो सङ्ख्यामा भेला भएका मानिसहरूले उक्त परिघटनाले ब्रह्माण्ड कति "अद्भुत" छ भन्ने कुराको स्मरण गराएको बताए।

खग्रास सूर्यग्रहण रुसस्थित साइबेरियाको उत्तरी छेउबाट देखिन सुरु भएको थियो। त्यसपछि उक्त दृष्य क्रमशः आर्क्टिक सागर हुँदै साँझपख आइसल्यान्डबाट देखियो।

त्यसपछि दक्षिणतर्फ अघि बढ्दै जाँदा यूकेबाट पनि उक्त अद्भुत दृश्यको केही अंश देखियो।खण्डग्रास सूर्यग्रहण उत्तरी स्कटल्यान्डमा स्थानीय समयानुसार लगभग १८:०० बजे र इङ्ल्यान्डको दक्षिणी तटमा १८:२० भन्दा केही अघि सुरु भयो। सुरुमा उक्त दृश्य खासै छुट्टयाउन सकिने अवस्थामा थिएन। तर खुला आकाशमुनि भेला भएका मानिसहरूले चन्द्रमाले बिस्तारै सूर्यलाई ढाक्दै गएको देखे।

मध्य र दक्षिणी इङ्ल्यान्ड तथा वेल्सका अधिकांश क्षेत्रमा आकाश पूर्ण रूपमा सफा थियो। त्यसैले करिब एक घण्टाको अवधिमा चन्द्रमा बिस्तारै सूर्यको अगाडिबाट सर्दै गएको दृश्य उनीहरूले अत्यन्त स्पष्ट रूपमा हेर्न पाए।

उत्तरी इङ्ल्यान्ड, स्कटल्यान्ड र उत्तरी आयरल्यान्डमा भने आकाशमा बढी बादल थियो। तथापि त्यसले मानिसहरूलाई देशका विभिन्न प्रसिद्ध स्थलहरूमा भेला हुनबाट रोक्न सकेन। कतिपयले सूर्यग्रहण अवलोकन गर्न प्रयोग हुने विशेष चस्मा लगाएका थिए। पसलहरूमा त्यस्ता चस्माहरूको अभाव देखिएको थियो।

*स्पेनबाट देखियो पूर्ण सूर्यग्रहण*

चन्द्रमा सूर्य र पृथ्वीको बीचबाट अघि बढ्ने क्रममा सूर्यको केही वा सम्पूर्ण प्रकाशलाई रोक्दै पृथ्वीमा छायाँ पारेको अवस्थामा सूर्यग्रहण हो।

यद्यपि यूकेबाट सूर्य, चन्द्रमा र पृथ्वी एकअर्कासँग ठ्याक्कै एउटै सीधा रेखामा देखिएका थिएनन्।

त्यसको परिणामस्वरूप त्यहाँबाट आंशिक ग्रहण देखियो।

यूकेका अधिकांश भागमा चन्द्रमाले सूर्यको करिब ९० प्रतिशत भाग ढाकेको थियो। यूकेका निम्ति यो सन् १९९९ यताकै सबैभन्दा दुर्लभ सूर्यग्रहण थियो। कोर्न्वलबाट भने सूर्य ९५ प्रतिशतसम्म ढाकिएको देखिएको थियो। स्पेनका केही स्थानका मानिसहरूले भने अझै अद्भुत दृश्य अनुभव गर्न पाए।

ब्रिटिश समयानुसार करिब १९:३० बजे सूर्य, चन्द्रमा र पृथ्वी ठ्याक्कै एउटै रेखामा आए। त्यसले गर्दा पूर्ण सूर्यग्रहण भयो।

चिलीकी वैज्ञानिक यास्मिन क्याट्रिचेओ उक्त परिघटना नियाल्न हजारौं किलोमिटर यात्रा गरेर उत्तरपश्चिम स्पेन पुगेकी थिइन्।



"खग्रास सूर्यग्रहणको क्षणमा त्यहाँ उपस्थित सबै जना रमायौं। त्यो अनुभूतिलाई शब्दमा वर्णन गर्न सकिँदैन," उनले भनिन्, "ब्रह्माण्ड अद्भुत छ।"

त्यसो त पृथ्वीको कुनै न कुनै स्थानमा लगभग हरेक १८ महिनामा एक पटक खग्रास सूर्यग्रहण देखिन्छ।

तर कुनै निर्दिष्ट स्थानबाट त्यस्तो सूर्यग्रहण देख्न पाउनु निकै दुर्लभ हुन्छ। औसतमा झन्डै ४०० वर्षमा एक पटक मात्र यस्तो अवसर आउँछ।

स्पेनमा खग्रास सूर्यग्रहणको पथमा रहेका मानिसहरूले त्यस्तो दुर्लभ दृश्य हेर्ने अवसर पाए।

त्यस क्रममा चन्द्रमाको पछाडिबाट सूर्यको रातो चमकसमेत देखिएको थियो।

त्यसपछि चन्द्रमाले ढाकिएको सूर्य बिस्तारै फेरि देखिन थाल्यो। खग्रास सूर्यग्रहण दुई मिनेटभन्दा कम समय रहे पनि धेरैका लागि यो कहिल्यै नबिर्सने अनुभव बन्यो।

हामीले यसरी पूर्ण सूर्यग्रहण देख्न पाउनु नै ब्रह्माण्डीय संयोगको एउटा अद्भुत उदाहरण हो।

सूर्य पृथ्वीबाट १५ करोड किलोमिटर टाढा छ। त्यो भनेको चन्द्रमाभन्दा करिब ४०० गुणा पर हो।

तर चन्द्रमाको व्यास सूर्यको भन्दा ४०० गुणा सानो भएकाले पृथ्वीबाट हेर्दा दुवै लगभग ठ्याक्कै एउटै आकारका देखिन्छन्। चन्द्रमा अलिकति सानो भएको भए वा यसको कक्ष पृथ्वीबाट केही टाढा भएको भए हामीले कहिल्यै पूर्ण सूर्यग्रहण देख्न पाउने थिएनौं।

*साभार: बीबीसी/नेपाली*

# अत्तर लगाएकै कारण हुन्छ स्तन क्यान्सर ?



काठमाडौं । स्तन क्यान्सर महिलामा बढी देखिने रोग हो । तर यसको अर्थ पुरुषलाई स्तन क्यान्सर हुँदैन भन्ने होइन । पुरुषमा पनि यो रोग हुन सक्छ । स्तन क्यान्सरबारे हाम्रो समाजमा विभिन्न भ्रम र मिथकहरू देख्न र सुन्न पाइन्छ । त्यसमध्ये एउटा हो अत्तर वा डिओडोरेन्टको प्रयोगले स्तन क्यान्सर गराउँछ भन्ने धारणा । तर विज्ञहरूका अनुसार अत्तर वा डिओडोरेन्ट प्रयोग गरेकै कारण स्तन क्यान्सर हुने प्रमाण छैन ।

यो भ्रम मात्र हो । डिओडोरेन्ट वा अत्तरको प्रयोगले स्तन क्यान्सरको जोखिम बढाउँछ भन्ने वैज्ञानिक प्रमाण अहिलेसम्म भेटिएको छैन । त्यसैले अत्तर वा डिओडोरेन्ट प्रयोग गरेकै कारण स्तन क्यान्सर हुन्छ भनेर डराउनुपर्ने आवश्यकता छैन ।

*स्तनमा दुखाइ हुँदैमा क्यान्सर हुन्छ ?*

स्तनमा दुखाइ हुनु क्यान्सरको निश्चित संकेत होइन । धेरैजसो अवस्थामा स्तन दुख्नुका कारण महिनावारी, हर्मोनमा हुने परिवर्तन, सिस्ट वा अन्य सामान्य समस्या हुन सक्छन्। स्तन क्यान्सरको प्रारम्भिक अवस्थामा प्रायः दुखाइ नहुन पनि सक्छ ।

तर स्तनमा लगातार दुखाइसँगै नयाँ गाँठो देखिनु, स्तनको आकार वा स्वरूपमा परिवर्तन आउनु, छालामा असामान्य परिवर्तन देखिनु वा निप्पलबाट असामान्य तरल पदार्थ निस्कनु जस्ता लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिनु आवश्यक हुन्छ ।

*परिवारमा क्यान्सर नभए हुँदैन स्तन क्यान्सर ?*

यो पनि एउटा भ्रम हो । परिवारमा कसैलाई स्तन क्यान्सर नभएको अवस्थामा पनि व्यक्तिलाई स्तन क्यान्सर हुन सक्छ । पारिवारिक इतिहासले जोखिम बढाउन सक्छ, तर स्तन क्यान्सर हुने वा नहुने कुरा त्यसमा मात्र निर्भर हुँदैन ।

*स्तनमा गाँठो देखिँदैमा क्यान्सर हो ।*

स्तनमा देखिने सबै गाँठा क्यान्सरका कारण हुँदैनन् । धेरैजसो गाँठा क्यान्सररहित (बेनाइन) हुन्छन् । सिस्ट र फाइब्रोएडेनोमा यसका सामान्य उदाहरण हुन् । यद्यपि, स्तनमा नयाँ गाँठो भेटिएमा त्यसलाई सामान्य ठानेर बेवास्ता गर्नु हुँदैन । विशेषगरी गाँठो लगातार रहिरहेमा वा त्यससँगै स्तनको आकार, छाला वा निप्पलमा परिवर्तन देखिएमा चिकित्सकबाट आवश्यक परीक्षण गराउनु महत्त्वपूर्ण हुन्छ ।

*पुरुषलाई पनि हुन सक्छ स्तन क्यान्सर*

स्तन क्यान्सर पुरुषमा पनि हुन सक्छ, यद्यपि महिलाको तुलनामा यसको जोखिम निकै कम हुन्छ । पुरुषको छाती वा स्तनको भागमा असामान्य गाँठो, सुन्निने वा अन्य परिवर्तन देखिएमा चिकित्सकीय जाँच गराउनु आवश्यक हुन्छ ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

बिहानको सुरुवात ताजा समाचारसँगै । बिहान-बिहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मधेशमा ९७ प्रतिशतभन्दा बढी धान रोपाइँ



दैनिक समाचारदाता

जनकपुरधाम, २९ साउन। धान उत्पादनका लागि अग्रणी मानिने मधेश प्रदेशमा साउनको अन्तिम सातासम्म ९७.७१ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ।

पर्याप्त वर्षा नभए पनि पटकपटक भएको सामान्य वर्षा तथा सरकारी र निजी सिँचाइ प्रणालीको उपयोग गर्दै किसानले धान रोपाइँलाई तीव्रता दिएका हुन्।

कृषि विकास निर्देशनालयका अनुसार साउन २८ गतेसम्म प्रदेशमा धान खेती हुने कुल ३ लाख ८२ हजार ४ सय ३३ हेक्टर क्षेत्रफलमध्ये ३ लाख ७३ हजार ६ सय ९३.२९ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ।

मधेश प्रदेशका सिरहा र बारा जिल्लामा धान खेती हुने कुल क्षेत्रफलको शतप्रतिशत रोपाइँ सम्पन्न भएको कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवले जानकारी दिए।

प्रदेशमा वर्षेनी करिब ५ लाख ५२ हजार ७ सय ४५ हेक्टर क्षेत्रफलमा विभिन्न बाली लगाइँदै आए पनि धान खेतीका लागि मात्रै ३ लाख ८२ हजार ४ सय ३३ हेक्टर क्षेत्रफल प्रयोग हुँदै आएको छ।

जिल्लागत रूपमा सबैभन्दा कम रोपाइँ महोत्तरीमा भएको छ। महोत्तरीमा धान खेती हुने ४० हजार हेक्टरमध्ये हालसम्म ३४ हजार ७ सय २१ हेक्टरमा मात्र रोपाइँ भएको छ, जुन कुल क्षेत्रफलको ८६.७० प्रतिशत हो। सप्तरीमा ६८ हजार हेक्टरमध्ये ६४ हजार ६ सय हेक्टर अर्थात् ९५ प्रतिशत क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ। धनुषामा ४३ हजार ७ सय हेक्टरमध्ये ४१ हजार ५ सय १५ हेक्टरमा रोपाइँ भएको छ। धनुषामा पनि करिब ९५ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको छ।

त्यस्तै, सर्लाहीमा धान खेती हुने ४२ हजार ६ सय ९५ हेक्टरमध्ये ४२ हजार २ सय ६८.०५ हेक्टरमा रोपाइँ भएको छ। यहाँ करिब ९९ प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ।

रौतहटमा ३८ हजार ५ सय हेक्टरमध्ये ३७ हजार ७ सय ३० हेक्टरमा रोपाइँ भएको छ, जुन ९८ प्रतिशत हो। पर्सामा पनि ९८ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। पर्सामा धान खेती हुने ५३ हजार ९ सय ३८ हेक्टरमध्ये ५२ हजार ८ सय ५९.२९ हेक्टरमा रोपाइँ भएको निर्देशनालयका सूचना अधिकारी सुदीप चौधरीले जानकारी दिए।

समयमै पर्याप्त वर्षा नहुँदा यस वर्ष धान रोपाइँ प्रभावित हुने अनुमान गरिए पनि पछिल्लो समय भएको वर्षा र सिँचाइ सुविधाको उपयोगले रोपाइँको अवस्था उत्साहजनक बनेको कृषि अधिकारीहरूको भनाइ छ।

अझै बाँकी रहेको क्षेत्रमा समेत रोपाइँ पूरा गर्ने प्रयास भइरहेको निर्देशनालयले जनाएको छ। रोपाइँको प्रगति उच्च रहे पनि धान उत्पादनका लागि आगामी दिनमा वर्षाको अवस्था, सिँचाइ सुविधा, रोग-कीराको प्रकोप तथा मौसमको प्रभाव महत्वपूर्ण रहने कृषि विज्ञहरूले बताएका छन्।

# मिटरब्याज मुद्दामा तीन जना कारागार चलान



दैनिक समाचारदाता

जनकपुरधाम, २९ साउन। मिटरब्याजसम्बन्धी मुद्दामा पक्राउ परेका धनुषाका तीन जनालाई जिल्ला अदालत धनुषाको आदेशपछि पुर्पक्षका लागि थुनामा पठाइएको छ।

अदालतको आदेशअनुसार जनकपुरधाम उपमहानगरपालिका-१६, कपिलेश्वरका ५३ वर्षीय गोपाल साह, उनकी भाइबुहारी ४८ वर्षीया रेखा साह तथा रेखाका ३२ वर्षीय छोरा हरेराम साहलाई कारागार चलान गरिएको हो।

मिटरब्याजको आरोपमा उनीहरूविरुद्ध परेको उजुरीका आधारमा प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो। अनुसन्धान सम्पन्न भएपछि उनीहरूलाई जिल्ला अदालत धनुषामा उपस्थित गराइएको थियो।अदालतले तीनै जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी कारागार पठाइएको प्रहरीले जनाएको छ। उक्त मुद्दाको अन्तिम फैसला भने अदालतबाट हुन बाँकी रहेको छ।

# मधेशमा कर्मचारीको तलब १० प्रतिशत बढ्यो

दैनिक समाचारदाता

जनकपुरधाम, २९ साउन। मधेश प्रदेश सरकारले प्रदेश निजामती तथा स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश भवनमा शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यको बुँदा नम्बर १११ मा गरिएको नीतिगत व्यवस्थाअनुसार साउन १ गतेदेखि लागू हुने गरी तलब वृद्धि गर्ने निर्णय गरेको हो।

बैठकले कर्मचारीको नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्यासमेत स्वीकृत गरेको प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए।

स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ को उपदफा (८) बमोजिमको निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिने उनले बताए।

त्यसैगरी, प्रदेश सरकारले कर्मचारीलाई कार्यसम्पादनका आधारमा सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने सम्बन्धी कार्यविधिसमेत स्वीकृत गरेको छ। कार्यसम्पादन मूल्याङ्कनमा १०० पूर्णाङ्कमध्ये कम्तीमा ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्र यस्तो भत्ता पाउनेछन्।

कार्यसम्पादन मूल्याङ्कनका लागि कार्यविवरण तथा कार्यसम्पादन सूचकलाई ५० अङ्क र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाह सूचकलाई ५० अङ्क निर्धारण गरिएको छ। प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ भने मूल्याङ्कन, रुजु तथा सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय परीक्षण इकाइ गठन गरिनेछ।

बैठकले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्ने उद्देश्यले 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' समेत स्वीकृत गरेको छ। उक्त निर्देशिकाले सरकारी बजेट कार्यान्वयन र खर्च प्रणालीलाई व्यवस्थित गर्दै फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने सरकारको अपेक्षा छ।

यसैगरी, जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको 'क्लाइमेटिक एडाप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फर क्लाइमेट रेजिलियन्ट भ्यालु चेन्स फर फुड सिस्टम ट्रान्सफर्मेसन इन मधेश प्रदेश, नेपाल' सम्बन्धी अध्ययन प्रतिवेदनलाई पनि मन्त्रिपरिषद्ले सर्वसम्मतिले अनुमोदन गरेको छ। बैठकले प्रतिवेदनका निष्कर्ष र रणनीतिलाई कार्यान्वयनमा लैजाने तथा सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णयसमेत गरेको छ। यसबाट मधेशको कृषि तथा खाद्य प्रणालीलाई जलवायु उत्थानशील बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग पुग्ने अर्थमन्त्री भट्टराईले बताए।

# मधेशमा बढ्दो गर्मी, जनजीवन प्रभावित



दैनिक समाचारदाता

राजविराज, २९ साउन। मधेश प्रदेशमा पछिल्ला केही दिनयता तापक्रम बढेसँगै उखरमाउलो गर्मीले जनजीवन प्रभावित भएको छ। सप्तरीसहित प्रदेशका विभिन्न जिल्लामा बिहानैदेखि चर्को घाम लाग्ने र दिउँसो तातो हावा चल्न थालेपछि सर्वसाधारणलाई घरबाहिर निस्कनसमेत कठिन हुन थालेको छ।

तापक्रम वृद्धिसँगै बजार क्षेत्रमा दिउँसोको चहलपहल घटेको छ भने खेतबारीमा काम गर्ने किसान, निर्माण मजदुर, ई-रिक्सा चालक तथा दैनिक ज्यालादारी गर्ने श्रमिक बढी प्रभावित भएका छन्। गर्मीका कारण शरीर गल्ने, टाउको दुख्ने, चक्कर लाग्ने तथा शरीरमा पानीको कमी हुनेजस्ता समस्या देखिन थालेको स्थानीयले बताएका छन्।

जलवायुसम्बन्धी जानकार अजय झाका अनुसार पछिल्ला वर्षहरूमा देखिँदै आएको तापक्रम वृद्धि, वर्षाको स्वरूपमा आएको परिवर्तन तथा अत्यधिक गर्मीका घटना दोहोरिनु जलवायु परिवर्तनका संकेत हुन्। "एक-दुई दिन तापक्रम बढ्दैमा त्यसलाई जलवायु परिवर्तन भन्न मिल्दैन," उनले भने, "तर लामो समयदेखि तापक्रम बढ्ने क्रम, वर्षाको स्वरूपमा परिवर्तन तथा अत्यधिक गर्मीका घटना दोहोरिनु जलवायु परिवर्तनका संकेत हुन्।"

उनका अनुसार कोइला, पेट्रोलियम पदार्थ तथा ग्यासको अत्यधिक प्रयोग, वन विनाश, सवारीसाधन र उद्योगबाट हुने हरितगृह ग्यास उत्सर्जन तथा अव्यवस्थित सहरीकरण जलवायु परिवर्तनका प्रमुख कारण हुन्। यसको असर तापक्रम वृद्धि, अनियमित वर्षा, खडेरी, बाढी, डुबान तथा कृषि उत्पादनमा देखिन थालेको छ।

सप्तरीको रुपनी गाउँपालिका-२ का ८६ वर्षीय सीताबीप्रसाद साहले आफ्नो जीवनकालमा मौसममा ठूलो परिवर्तन आएको अनुभव सुनाए। "पहिले पनि गर्मी हुन्थ्यो, तर अहिले जस्तो लामो समयसम्म उखरमाउलो गर्मी र मौसमको अनिश्चितता थिएन। पानी कहिले पर्छ भन्ने पनि ठेगान हुँदैन," उनले भने।

उनका अनुसार बिहानदेखि चर्को घाम, तातो हावा र अत्यधिक गर्मीका कारण दैनिक कामकाज गर्नसमेत कठिन हुने गरेको छ।

स्थानीय कारी यादवका अनुसार बढ्दो गर्मीले खेतीपातीमा समेत असर पार्न थालेको छ। "गर्मी धेरै हुँदा खेतमा काम गर्न गाह्रो हुन्छ। पानी नपरे सिँचाइ गर्नुपर्छ। मौसमको भर नहुँदा किसानलाई खेतीको समय मिलाउन समस्या हुन्छ," उनले भने।


स्वास्थ्यकर्मी रघुनन्दन यादवका अनुसार चर्को गर्मीको असर स्वास्थ्यमा समेत पर्न थालेको छ। बालबालिका, ज्येष्ठ नागरिक तथा घाममा लामो समय काम गर्ने मजदुर बढी जोखिममा रहेको उनले बताए।

उनले चर्को घामबाट जोगिन, प्रशस्त पानी तथा झोल पदार्थ सेवन गर्न, हल्का कपडा लगाउन र दिउँसो काम गर्दा बीचबीचमा आराम गर्न सुझाव दिएका छन्।

जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि वन संरक्षण, वृक्षरोपण, पोखरी तथा जलाशय संरक्षण, वर्षाको पानी सङ्कलन, भूमिगत पानीको पुनर्भरण तथा गर्मी सहन सक्ने बालीको प्रवर्द्धन आवश्यक रहेको विज्ञहरूको भनाइ छ। त्यस्तै, विद्युतीय सवारीसाधन र नवीकरणीय ऊर्जाको प्रयोग बढाएर हरितगृह ग्यास उत्सर्जन घटाउनुपर्ने आवश्यकता औँल्याइएको छ।

मधेशका आठवटै जिल्लामा देखिएको उखरमाउलो गर्मीले जलवायु परिवर्तन अब भविष्यको मात्र समस्या नभई दैनिक जनजीवनसँग जोडिएको चुनौती बन्दै गएको संकेत गरेको छ। तत्काल गर्मीबाट नागरिकलाई जोगाउने उपाय अपनाउनुका साथै दीर्घकालीन रूपमा जलवायु अनुकूलन र उत्सर्जन न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ।


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal

Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377

Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४